नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ती

बिभिन्न पत्रपत्रिकामा सूचना नै प्रकाशित नगरी मिलेमतोमा भुक्तानी लिनेदिने, विज्ञापन छापेको पत्रिका वा पेज विज्ञापनदातालाई मात्र पठाई बजारमा विज्ञापन नछापेको पत्रिका वा पेज पठाउने तथा विज्ञापनदाताबाट अधिक रकम लिई सञ्चारमाध्यमलाई कम भुक्तानी गरी गैरकानूनी फाईदा लिनेदिने जस्ता कार्य भईरहेको र त्यस्ता कार्यमा केही सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीको संलग्नता रहेको बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरी अदालतमा मुद्दा दर्ता गरेको तथा यस बिषयमा बोर्डमा समेत गुनासो प्राप्त भएको छ ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६, ऐ. नियमावली, २०७७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ का साथै भ्रष्टाचार निवारण ऐन, २०५९ विपरीतका त्यस्ता कार्य नगर्न नगराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ । यदि कही कतैबाट त्यस्ता कार्य भए गरेको सूचना प्राप्त भएमा तत्काल नेपाल सरकार विज्ञापन बोर्डमा जानकारी गराई सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७६ को दफा ६क. मा "सरकारी निकायले भुक्तानी गर्दा सञ्चारमाध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चारमाध्यमले जारी गरेको बिलबमोजिम तथा नियम ५ग. को उपनियम (३) बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चारमाध्यमले जारी गरेको विलको प्रतिलिपिसहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिलबमोजिम गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको छ ।

विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण आचारसंहिता २०७९ को दफा २० को उपदफा ङ(३) मा "विज्ञापन छापेको पृष्ठ वा अङ्क बजारमा नपठाउने वा गायब गर्ने वा निश्चित स्थानमा मात्र पठाई अन्यत्र जानबाट रोक लगाउने, मिति परिवर्तन गरी विज्ञापन वा सूचना प्रकाशन गर्ने काम गर्नु वा गराउनु हुदैन" भन्ने व्यवस्था भएकोले कानून विपरितका त्यस्ता क्रियाकलाप भएको पाइएमा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २५ तथा विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण सम्बन्धी आचारसंहिता, २०७९ को दफा ३० बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

देवी पाण्डे खत्री
प्रवक्ता एवं प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२ साल असार २२ गते